# तपाईं रेडियोलोजी क्लिनिकमा जाँदा



## तपाईंको स्क्यान गर्नु अघि

- आफ्नो डाक्टरबाट कम-डोजको कम्प्युटेड टोमोग्राफी (CT) स्क्यान सिफारिस लिनुहोस्।
- तपाईंको क्षेत्रमा फोक्सोको क्यान्सर स्क्रिनिङ (जाँच) गर्ने ठाउँ आफ्नो डाक्टरलाई सोध्नुहोस्।
- यदि तपाईंले पहिले नै सी.टी. स्क्यान (CT scan) गर्नुभएको छैन भने, आफ्नो चासोको विषयमा डाक्टरसँग छलफल गर्नुहोस्।
- आफ्नो स्क्यानको लागि अनलाइन, टेलिफोन मार्फत वा आफैँ गएर व्यवस्था मिलाउनुहोस्। तपाईं फोक्सोको क्यान्सर स्क्रिनिङ कार्यक्रममा भाग लिइरहनुभएको छ भन्ने कुरा उनीहरूलाई थाहा दिनुहोस्।
- आफ्नो स्क्यानको लागि समय लिँदा आफ्नो सिफारिस र मेडिकेयर कार्ड लिएर जानुहोस्।
- आरामदायी लुगा लगाउनुहोस्। स्क्यान गर्दा तपाईंले गाउन लगाउनुपर्ने हुन सक्छ।
- स्क्यान गराउन जानुअघि सबै गहना निकाल्ने योजना बनाउनुहोस्। यसमा औँठी, घडी, हार र कुनै पनि छेदनमा लगाएका गहना पर्छन्। अन्यथा, तपाईंलाई स्क्यान गर्दा यी सबै हटाउन लगाइन्छ।
- यदि तपाईंलाई गाउन लगाउन वा स्क्यानको लागि टेबलमा बस्न मद्दत चाहिन्छ भने क्लिनिकलाई पहिले नै थाहा दिनुहोस्।
- यदि तपाईं चाहनुहुन्छ भने साथी वा परिवारको सदस्यलाई पनि साथमा लैजाने योजना बनाउनुहोस्।

Australian Government

NATIONAL LUNG CANCER SCREENING PROGRAM

रिसेट





## तपाईंको स्क्यान गर्दा

- तपाईंलाई आफ्नो उचाइ र तौल नाप्न र अन्य धेरै प्रश्नहरूको जवाफ दिन लगाइन सक्छ जस्तै के तपाईंले ५ देखि १० मिनेटसम्म आफ्नो हात टाउको माथि उठाएर राख्न सक्नुहुन्छ ?
- एक रेडियोग्राफरले तपाईंलाई सी.टी. स्क्यानिङ कोठामा लैजानुहुनेछ।
- तपाईं आफ्नो हात टाउको माथि राखेर टेबलमा उत्तानो परेर सुत्नुहुनेछ। तपाईंले केही सेकेन्डको लागि आफ्नो सास रोकेर स्थिर रहनु पर्नेछ।
- स्क्यान गर्दाको क्रममा रेडियोग्राफरले तपाईंको छातीको तस्बिर लिनुहुनेछ। तपाईंले कुनै पनि सुई लगाउनु पर्दैन।
- स्क्यान गर्दा **लगभग १० सेकेन्ड लाग्नेछ,** र **तपाईंले कुनै पीडा महसुस गर्नुपर्दैन।**
- स्क्यान गरेको दिनमा तपाईंले आफ्नो नतिजा पाउनुहुनेछैन।

## तपाईंको स्क्यान गरिसके पछि

- एक रेडियोलोजिस्टले गाँठागुठि भनिने कुनै पनि साना गिर्खाहरू हेर्नको लागि तपाईंको तस्बिरको समीक्षा गर्नुहुनेछ। त्यसपछि उनीहरूले एउटा रिपोर्ट लेख्नेछन् जुन राष्ट्रिय क्यान्सर स्क्रिनिङ रजिष्ट्रर (NCSR) मा प्रविष्ट गरिनेछ र तपाईंको डाक्टरलाई पठाइनेछ।
- तपाईंको डाक्टरले तपाईंको स्क्यानको नतिजा प्राप्त गर्नुहुनेछ। तपाईंले NCSR बाट एउटा सूचना (टेक्स्ट म्यासेज वा पत्र) प्राप्त गर्नुहुनेछ जसले तपाईंलाई अब के गर्नुपर्छ भन्ने कुरा बताउने छ। यो दुई वर्षमा फेरि कम-डोजको सी.टी. स्क्यान गराउनु पर्ने वा आफ्नो डाक्टरसँग नतिजाहरूको बारेमा छलफल गर्ने पनि हुन सक्छ।
- यदि तपाईंको स्क्यानमा केही देखियो जसको थप अनुसन्धान आवश्यक छ भने, NCSR ले तपाईंलाई आफ्नो डाक्टरसँग भेटघाटको व्यवस्था मिलाउन प्रोत्साहित गर्नेछ, जसले तपाईंको नतिजा र त्यसपछि के गर्ने भन्ने बारेमा कुरा गर्नुहुन्छ।
- भेटिएका कुनै पनि गाँठागुठिहरूको आकार र देखावटले अर्को चरणहरूलाई मार्गदर्शन गर्नेछन् । यसमा थप स्क्यानहरू वा थप परीक्षणहरूको लागि श्वासप्रश्वास चिकित्सक कहाँ सिफारिस समावेश हुन सक्छन्।
- याद राख्नुहोस्, समयसँगै कुनै पनि परिवर्तनहरू देखिनको लागि नियमित रुपमा स्क्यानहरू गर्दा स्क्रिनिङले राम्रो काम गर्छ। त्यसैले तपाईंको फोक्सोको क्यान्सर स्क्रिनिङको समय हुने बित्तकै आफ्नो स्क्रिनिङ गराउनु महत्त्वपूर्ण हुन्छ।
- यदि फोक्सोको क्यान्सरसँग असम्बन्धित कुनै पनि अन्य कुरा देखिएमा जुन तपाईंले आफ्नो डाक्टरसँग छलफल गर्नुपर्छ भने रेडियोलोजिस्टले आफ्नो रिपोर्टमा यो समावेश गर्नेछन्।

**राष्ट्रिय फोक्सोको क्यान्सर स्क्रिनिङ कार्यक्रमको बारेमा थप जानकारीको लागि:**
www.health.gov.au/nlcsp **मा हेर्नुहोस्।**

Quitline 13 7848

**धूम्रपान छोड्न मद्दतको लागि:**
www.quit.org.au **मा हेर्नुहोस्।**

DT0004838